मितिः २०८३/    /

श्रीमान् प्रमुख ज्यू
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, लमजुङ/मनाङ।

**विषयः स्याउ High Density विरुवाको दररेट पेश गरिएको वारे।**

प्रस्तुत विषयमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ लमजुङ/मनाङ को मिति २०८३/०७/१२ गतेको सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो/मेरो स्याउ High Density विरुवाको आपुर्ति सम्वन्धी इजाजत प्राप्त कम्पनी/उत्पादक/फर्म/सप्लायर्सले तहां कार्यालयको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम **"जोन प्रभाव क्षेत्रमा स्याउ High Density विरुवा वितरण मार्फत क्षेत्रफल विस्तार"** अन्तर्गत कार्यालय प्रयोजनार्थ (हार्डकपी स्वयंम उपस्थित भइ वा इमेल मार्फत) निर्दिष्ट फर्मेटमा दररेट पेश गरेको व्यहोरा सादर अनुरोध छ।

| कार्यालयले भर्ने | निवेदक |
|---|---|
| दर्ता नं.: ........ | नाम : |
| कागजात पुरा संलग्न भए/नभएकोः ......... | पदः |
| विवरण जांच गर्नेः | ठेगानाः |
| | सम्पर्क नंः |
| विवरण रुजु गर्नेः | दस्तखतः |
| विवरण प्रमाणित गर्नेः | संस्थाको नाम, ठेगाना र छापः |

<u>दररेट प्रस्ताव साथ संलग्न गरिएको आवश्यक कागजातहरुः</u>

(१) कार्यालयले तोकेको निर्दिष्ट ढांचाको पूर्ण रुपले भरीएको दररेट प्रस्ताव फारम।

(२) सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्र/स्याउ High Density विरुवा आयात र विक्रि वितरण गर्न पाउने इजाजत पत्रको प्रतिलिपी, पान/भ्याट दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र सम्वन्धित व्यक्तिको नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी।

(३) विरुवा आयात पश्चातको क्वारेन्टाइनयुक्त रोगकिरा नभएको फाइटोस्यानेटरी प्रमाणपत्र (Phytosanitary Certificate) उपलब्ध गराउने प्रतिवद्धता पत्र।

(४) विगतका वर्षहरुमा High Density स्याउ विरुवा आयात वा आपुर्ति सम्वन्धित कार्य गरेको अनुभव प्रमाणित गर्ने आवश्यक कागजातहरु।

(५) नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालयले पञ्जीकृत वा आयात अनुमति प्रदान गरेका High Density स्याउ विरुवाको जातहरु मध्ये आपुर्तिकर्ता संस्थाले चालु आ.व. २०८३/०८४ मा आपुर्ति गर्ने वा गरिसकेको भए उक्त High Density स्याउ विरुवाको जात, परिमाण र संख्या लगायतका अन्य आवश्यक विवरणहरु।

(६) कार्यालयले तोकेको समयभित्र कार्यक्रम अन्तर्गतका लाभग्राही कृषक संस्थाहरुलाइ High Density स्याउ विरुवा उपलब्ध गराउने प्रतिवद्धता पत्र।

**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, लमजुङ/मनाङको "जोन प्रभाव क्षेत्रमा स्याउ High Density विरुवा वितरण मार्फत क्षेत्रफल विस्तार" अन्तर्गत High Density स्याउ विरुवाको**

# आपुर्तिकर्ता संस्थाले पेश गर्ने दररेट प्रस्तावना फारम

## खण्ड-क (संस्थागत विवरण)

| | |
|---|---|
| संस्थाको नामः- | |
| संस्था गठन/दर्ता भएको मितिः- | |
| संस्थाको ठेगानाः- | |
| भ्याट/स्थायी लेखा नं.ः- | |
| संस्था दर्ता भएको निकायः- | |
| संस्थाको दर्ता नं.ः- | |
| संस्थाको मुख्य उद्धेश्यः- | |
| कृषि सामाग्री/वीउविजन/उच्च घनत्व स्याउ विरुवा आपुर्ति सम्वन्धी कार्य अनुभव अवधि/वर्षः- | |
| संस्थाको प्रोपाइटर वा अध्यक्षको नामः- | |
| सम्पर्क नम्वरः- | |
| संस्था कसरी र कसको सहयोगमा गठन भयो? | |
| संस्थाको बैंक खाताको विवरणः- | बैंकको नाम ठेगानाः-<br>खाता नम्वरः-<br>खातावालाको नामः- |
| संस्था कार्यान्वयनको प्रमाणः- | क. निर्णय ख. नगदी खाता ग. बैंक खाताको विवरण<br>घ. दर्ता प्रमाणपत्र ङ. अचल सम्पत्तिको स्वामित्वको प्रमाणपत्र<br>च. अन्य भए खुलाउने |

## खण्ड-ख (प्राविधिक स्पेसिफिकेशन, मापदण्ड तथा आर्थिक पक्ष)

| क्र.सं. | विवरण/प्राविधिक स्पेसिफिकेशन तथा मापदण्ड (ब्राण्ड/क्षमता/आकार प्रकार आदि) | इकाई | परिमाण | दररेट रु (मु.अ.कर सहित/ मु.अ.कर वाहेक) | वारेण्टी/ ग्यारेण्टी अवधि | कै. |
|---|---|---|---|---|---|---|
| १ | उच्च घनत्व स्याउका जातहरु राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम व्यवस्थापन एकाइ खुमलटारको मिति २०८१/०८/१२ गते, प.सं. २०८१/०८२, च.नं. ३२६ को फलफूलका जात दर्ता सहजीकरण सम्वन्धी परिपत्र वमोजिम नेपाल सरकारले दर्ता/आयात अनुमती प्रदान गरेका उच्च घनत्व स्याउका जातहरु हुनुपर्ने। | विरुवा संख्या | १ | | | |
| २ | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम व्यवस्थापन एकाइ खुमलटारको मिति २०७७/०५/२९ गते, प.सं. २०७७/०७८, च.नं. २३७ को उच्च घनत्व स्याउका विरुवाको स्पेसिफिकेसन सम्वन्धी परिपत्र अनुसार स्याउको जात Golden Delicious, Red Delicious, Gala, Fuji, King rot, Wilton star र Red Jonaprince हुनुपर्नेछ। यी जातहरु मध्ये Red Delicious, Gala र Fuji लाई परागसेचनको लागि आवश्यक पर्ने Golden Delicious को जात कम्तीमा १० प्रतिशत हुनुपर्ने र Red Jonaprince लाई परागसेचनको लागि आवश्यक पर्ने Gala को जात कम्तीमा १० प्रतिशत हुनुपर्ने। कार्यक्रम अन्तर्गत आयात गरिने स्याउ विरुवामा अनिवार्य रुपमा कम्तिमा १० प्रतिशत परागसेचक जातहरु हुनुपर्ने। | | | | | |
| ३ | स्याउ कलमी विरुवाको Rootstock को जात M9, G9 (Plain Area) MM106, MM111 (Sloppy land) हुनुपर्ने। | | | | | |
| ४ | उपरोक्त Scion र Rootstock का जातहरु Apple High Density Planning को लागि 1m x 3m Spacing मा आधारित व्यवसायिक स्याउ खेतीको लागि उपयुक्त हुनुपर्ने। | | | | | |
| ५ | उपरोक्त Scion र Rootstock का varieties र strains समेतको catalogue तथा ति जातहरुको Pest List (Tolerant/ Resistant/Susceptible to different Insect Pests and Diseases) को विवरण समेत संलग्न गरेको हुनुपर्ने। क्वारेन्टाइनयुक्त रोगकिरा नभएको फाइटोस्यानेटरी प्रमाणपत्र (Phytosanitary Certificate) पेश गर्नुपर्ने। | | | | | |
| ६ | विरुवाको उचाइ कम्तिमा १.७ देखि २.२ मिटर सम्मको हुनुपर्ने। | | | | | |
| ७ | प्रत्येक स्याउका कलमी वोट प्रशस्त जरा भएको हुनुपर्ने र ति जराहरु पूर्णरुपमा माटो रहित र स्वस्थ हुनुपर्ने। | | | | | |
| ८ | अगुवा हाँगा (Leader) सोझो, नभाँचिएको, कोपिलाहरु पुष्ट भएको र vigorous growth भएको वोट। | | | | | |
| ९ | अगुवा हाँगा (Leader) लाइ प्रभाव पार्ने अन्य कुनैपनि हाँगाहरु नभएको। | | | | | |
| १० | १२ देखि २५ से.मि. लामा कम्तीमा ६ वटा फल्ने हाँगाहरु (Feather Branches) भएको। | | | | | |
| ११ | फल्ने हाँगाहरु (Feather Branches) जमिनको सतह देखि ६० से.मि. को उचाइबाट पलाएको हुनुपर्ने। जमिनको सतहबाट ६० से.मि. सम्म एउटा पनि फल्ने हाँगा (Feather Branches) नभएको हुनुपर्ने। | | | | | |
| १२ | अगुवा हाँगाहरु (Leader) को चारैतिरबाट Regular Intervals मा फल्ने हाँगाहरु (Feather Branches) आएको हुनुपर्नेछ र फल्ने हाँगाहरु (Feather Branches) अगुवा हाँगा (Leader) बीचको Crotch Angle ४५ डिग्री भन्दा कम नभएको हुनुपर्ने। | | | | | |
| १३ | स्याउको कलमी विरुवाहरु Quarantine Pest Free भएको विरुवाको स्वास्थ्य जाँचको Phytosanitary Certificate स्याउ विरुवा ढुवानीको समयमा पेश गर्नुपर्ने। | | | | | |

| क.सं. | विवरण/प्राविधिक स्पेसिफिकेशन तथा मापदण्ड (ब्राण्ड/क्षमता/आकार प्रकार आदि) | इकाई | परिमाण | दररेट रु (मु.अ.कर सहित/ मु.अ.कर वाहेक) | वारेण्टी/ ग्यारेण्टी अवधि | कै. |
|---|---|---|---|---|---|---|
| १४ | स्याउ कलमी विरुवाहरु प्याकिङ्ग गर्दा बेग्ला बेग्लै जातहरु छुट्टिने गरी लेवल राखेर १०-१० वटा विरुवाको Bundle बनाइ प्याकिङ्ग गर्नुपर्ने। त्यसरी प्याक गरिएका स्याउका कलमी विरुवाहरु Refrigerated Container मा ढुवानी गर्नुपर्ने र तोकिएको अन्तिम स्थान सम्मनै Refrigerated Container मा नै ढुवानी गरी पुर्याउनु पर्ने। | विरुवा संख्या | १ | | | |
| १५ | अन्तिम स्थानमा Refrigerated Container बाट स्याउका कलमी विरुवाहरु unload गरि सकेपछि स्याउ बगैंचा स्थापना गर्ने स्थान मनाङसम्म स्याउ विरुवाहरु ढुवानी गर्दा भिजेको स्थानीय इयाउ र पातलो जुटको बोराले बेरेर राम्ररी स्थानीय इयाउले प्याकिङ्ग गर्नुपर्नेछ। स्याउको विरुवाहरु सुक्न नदिन इयाउलाइ समय समयमा पानीले भिजाइ चिस्यान कायम गर्नुपर्नेछ। स्याउको भारी बिसाउँदा चिसो वा छाँया परेको ठाउँमा स्याउको भारी बिसाउनु पर्नेछ। गाडी चल्ने स्थानमा सकेसम्म गाडीबाट र अन्य स्थानमा जुनसुकै साधन (भरिया/खच्चड आदि) बाट स्याउ विरुवाहरु ढुवानी गर्दा स्याउ विरुवाहरुमा कुनैपनि अवस्थामा हानी नोक्सानी नहुने गरी सावधानीपूर्वक ढुवानी गर्नुपर्ने। | | | | | |
| १६ | आपुर्तिकर्ताले क्वारेन्टाइन पास पश्चात आयातित विरुवाको अवस्था कार्यालयको प्राविधिक कर्मचारीको रोहवरमा परिक्षण गराइ क्वारेन्टाइनयुक्त रोगकिरा नभएको फाइटोस्यानेटरी प्रमाणपत्र, क्वारेन्टाइन इन्ट्रि परमिट जस्ता अन्य आवश्यक कागजातहरु कार्यालयको मुख्य केन्द्र वेसिशहरमानै वुझाइ कार्यालयले तोकेका लाभग्राही कृषक संस्थाहरुलाइ वुझाउनुपर्ने। | | | | | |
| १७ | विरुवा आयात सम्वन्धि विवरण आपुर्तिकर्ताले समय समयमा कार्यालयले माग गरे अनुसार लिखित वा मौखिक रुपमामा दिनुपर्ने। | | | | | |
| १८ | दररेट प्रस्तावकहरुबाट पेश भएका दररेटको प्रक्रिया वमोजिम कार्यालयले नियमानुसार दररेट निर्धारण गरि कार्यक्रम अन्तर्गतका लाभग्राही कृषक संस्थाहरु छनौट गर्ने र सम्झौता गर्ने कार्य सम्पन्न भए पश्चात सम्वन्धित आपुर्तिकर्ताहरुले निर्धारित दररेटका आधारमा सम्झौता सम्पन्न गरेका कृषक संस्थाहरुसंग विरुवा आयातको लागि कार्यालयले तोकेको कर्मचारीको रोहवरमा भुक्तानी लिन सक्नेछन्। भुक्तानी लिंदा सम्वन्धित आपुर्तिकर्ताले सम्वन्धित कृषक संस्थालाइ भुक्तानी सम्पन्न वा भुक्तानी वारेको प्रमाणित कागजात आपुर्तिकर्ताको तर्फबाट प्रदान गर्नुपर्नेछ। यसरी भुक्तानी लिएपश्चात सम्वन्धित आपुर्तिकर्ताले कार्यालयले तोकेको समयमानै यस प्रस्तावनामा उल्लेखित स्पेसिफिकेशन र मापदण्डहरु अनुसारका उच्च घनत्वका स्याउ विरुवाहरु अनिवार्य रुपमा सम्वन्धित कृषक संस्थाहरुलाइ उपलब्ध गराउनुपर्नेछ। सम्वन्धित आपुर्तिकर्ताले विरुवा आपुर्ति गर्न नसकेमा वा स्पेसिफिकेशन वा न्युनतम मापदण्ड पुरा नगरेका विरुवा आपुर्ति गरेमा कार्यालयले सम्वन्धित कृषक संस्थालाइ भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्नेछैन। यसबाट सम्वन्धित कृषक संस्थाको निवेदन वमोजिम विरुवा आपुर्तिकर्ता संस्थालाइ सावां ब्याज सहितको रकम सम्वन्धित कृषक संस्थालाइ फिर्ता वा असुलउपर गराउने र नियमानुसार कारवाहीको प्रक्रिया समेत अगाडि वढाउन सक्नेछ। | | | | | |
| १९ | कार्यक्रमसंग सम्वन्धित अन्य मापदण्ड र कागजातहरु कार्यालयले निर्देशन गरे अनुसार सम्वन्धित विरुवा आपुर्तिकर्ताले सहजिकरण गर्नुपर्ने। | | | | | |

**<u>नोटः</u>-** *उत्पादक/कम्पनी/उद्योग/फर्म वा सप्लायर्सहरुले आफुले आपुर्ति गर्ने उच्च घनत्व स्याउ विरुवाको स्पेसिफिकेशन यस प्रस्तावनामा उल्लेखित भन्दा फरक भएमा सो को विवरण र दररेट छुट्टै पेजमा तयार र प्रमाणित गरि यसै साथ संलग्न गरि पेश गर्न समेत सक्नेछन्। तर उक्त प्रस्तावना मुल्यांकनमा समावेश गर्ने वा नगर्ने/स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ।*